का. जि. का. दर्ता नं : १०४ / ०५७ / ०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८ / ०६७ / ०६८

# अपाङ्ग आवाज
## DISABILITY VOICE

वर्ष १८, अङ्क ०७ पूर्णाङ्क २१५, २०७६ कार्तिक

**सल्लाहकार**
तारा वदन सेडाई
प्रकाश पन्थ

**सम्पादक**
शर्मिला विश्वकर्मा

**संयोजक**
जगदीश प्रसाद अधिकारी

**व्यवस्थापक**
सुनिल वि. क.

**कानूनी सल्लाहकार**
शशी श्रेष्ठ

**स्थानीय प्रतिनिधि**
गणेश सुवेदी
विवेक खड्का
विकास धिताल
राजु रेग्मी
दल बहादुर सुनार
छत्र देउजा
मदन बोहरा

**लेआउट/डिजाइन/बजार प्रतिनिधि**
तारानिधि प्याकुरेल

**कभर डिजाइन**
Creative
Kamaladi, Kathmandu PH: 9851115202

**मुद्रक**
सिण्ड्रेला प्रिन्टर्स प्रा. लि.
काठमाण्डौं

**प्रकाशक**
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रीय कार्यलय
नयाँ बस्ती, गगननगर चोक, काठमाण्डौं,
पो. ब. नं: १९४०८
फोन: ०१ ४९११०९२ ४९११०६९
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामाग्रीहरूको आवश्यकता र महत्त्व — ४

अम्बिका रिजाल र उहाँको घर परिवारमा आएको सकारात्मक परिवर्तन — २३

दमक अपाङ्ग सहयोग समितिको १८ औं साधारण सभा सम्पन्न — २७

दोस्रो अन्तर्राष्ट्रिय साङ्केतिक भाषा दिवस सम्पन्न — ३१

नेपाल नेत्रहिन संघको २३ औं साधारण सभा सम्पन्न — ३८

## अपाङ्गता प्रति जनचेतना जगाउन सहयोग गरेको छ

आदरणीय सम्पादक ज्यू तथा अपाङ्ग आवाज मासिक पत्रिकाका सम्पूर्ण परिवारहरूमा मेरो नमस्कार । म अपाङ्ग आवाज पत्रिकाको नियमित श्रोता हुँ । यस पत्रिकामा समावेश गरिएका सामाग्रीहरू मार्फत हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिहरूको विषयमा जनचेतना जगाउन सहज भएको छ । यो पत्रिका मार्फत विगतको तुलनामा अहिले केही मात्रमा भए पनि सकारात्मक परिवर्तन आएको छ । यो पत्रिकामा अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता भएता पनि अवसर पाएको खण्डमा विभिन्न आय–आर्जनका कामहरू गरेर आफू लगायत घर परिवारलाई सहयोग गरेका जानकारीहरू पढ्न पाउँदा धेरै खुशी लागेको छ । यस्ता लेखहरूले हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिहरू प्रति सकारात्मक परिवर्तन ल्याउनमा सहयोग गरेको छ । यसको लागि अपाङ्ग आवाज मासिक पत्रिका र यस पत्रिकासँग सम्बन्धित सबैलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै यस पत्रिकाको अझ प्रगतिको शुभकामना पनि व्यक्त गर्दछु ।

*मनकुमारी कार्की, धादिङ*

## अपाङ्ग आवाज मासिक पत्रिकाको प्रगतिको कामना

सम्पादक ज्यू तथा यस पत्रिकाका सम्पूर्ण परिवारमा मेरो नमस्कार । म अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक हुँ । मलाई अपाङ्ग आवाज मासिक पत्रिकामा समावेश गरिएका सामग्रीहरू अति नै उपयोगी र लाभदायक लाग्दछन् । त्यसैले यो पत्रिका समयमा नै प्राप्त नभएको खण्डमा पनि खोजी खोजी पढ्ने गर्दछु । यो अपाङ्ग आवाज मासिक पत्रिका पढे पछि मलाई विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको बारेमा जानकारी प्राप्त भएको छ । यस पत्रिका मार्फत हाम्रो समाजमा अपाङ्गताको बारेमा बुझाउन पनि सजिलो भएको छ । आगामी दिनहरूमा पनि अपाङ्ग आवाज मासिक पत्रिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई लाभदायक र जानकारी मूलक सामग्रीहरूलाई स्थान दिनु होला र देश भर रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई यस पत्रिकामा स्थान दिनु हुन आग्रह गर्दै अपाङ्ग आवाज मासिक पत्रिका र यस परिवारको उत्तर उत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

*यशोधा श्रेष्ठ, ओखलढुङ्गा*

## राज्यले उपलब्ध गराएका सेवा सुविधाका विषयमा पनि जानकारी दिनु होला

आदरणीय सम्पादक ज्यू नमस्कार, म अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक हुँ । यस पत्रिका मार्फत अपाङ्ग भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य रोजगारीमा पहुँच, अपाङ्गता मैत्री भौतिक संरचनाका विषयमा सबैलाई जानकारी भएको छ । केही महिनाका अपाङ्ग आवाज मासिक पत्रिकाहरू प्राप्त गर्न सकिएको छैन । अबका दिनमा अपाङ्ग आवाज मासिक पत्रिकालाई प्रकाशन हुन साथ पठाइदिनु हुन अनुरोध गर्दछु । अपाङ्ग आवाज मासिक पत्रिकाले मुख्य सरोकारवाला निकायका व्यक्तिहरूलाई अपाङ्गताको विषयमा ध्यानाकर्षण गराउन सहयोग गरेको छ ।

अपाङ्ग आवाज मासिक पत्रिका हामी अपाङ्गता भएका व्यक्तिहरूको साथी हो । आगामी दिनमा हामी सबैको लोकप्रिय अपाङ्ग आवाज मासिक पत्रिकामा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको विषयमा पनि जानकारी समावेश गरिदिनु होला । साथै यस वर्षको विजय दशमी तथा शुभ दीपावलीको अवसरमा अपाङ्ग आवाज मासिक पत्रिकाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

*विकास न्यौपाने, इलाम*

सम्पादकीय

# सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको सञ्चारमा पहुँचको अवस्था

साङ्केतिक भाषा बहिरा अपाङ्गता भएका व्यक्तिहरूका साथै अन्य व्यक्तिहरूको लागि पनि अति आवश्यक हुन्छ । साङ्केतिक भाषाकै माध्यमबाट बहिरा अपाङ्गता भएका व्यक्तिहरूले सञ्चार गर्ने गर्दछन् । तर हाम्रो समाजमा अधिकांश व्यक्तिहरूमा साङ्केतिक भाषाको ज्ञानको अभावमा बहिरा अपाङ्गता भएका व्यक्तिहरूलाई सञ्चार गर्न कठिनाई भएको छ । हाम्रो समाजमा बहिरा अपाङ्गता भएका व्यक्तिहरूले सञ्चारको लागि प्रयोग गर्ने साङ्केतिक भाषाको विषयमा पर्याप्त मात्रमा ज्ञान छैन । उनीहरूले कसरी सञ्चार गर्दछन् र कसरी घर परिवार तथा समाजमा घुलमिल हुन्छन् भन्ने कुराको ज्ञान नहुँदा बहिरा अपाङ्गता भएका व्यक्तिहरूले सम्बन्धित निकायबाट प्राप्त गर्ने सेवा सुविधाबाट समेत वञ्चित हुन परेको अवस्था छ । साङ्केतिक भाषाको ज्ञानको अभाव र साङ्केतिक भाषाको ज्ञान प्राप्त भएको दक्ष जनशक्ति नहुँदा उनीहरूले शिक्षा, स्वास्थ्य, रोजगार, तथा अति आवश्यक सेवा सुविधाको उपभोग गर्नबाट वञ्चित भएको अवस्था छ ।

निर्माण गरिएको साङ्केतिक भाषाको शब्दहरू पनि पर्याप्त मात्रमा छैनन् । साङ्केतिक भाषाको अभावको कारण अधिकांश बहिरा अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न चुनौतीहरूको सामना गर्न परेको छ । अधिकांश बहिरा व्यक्तिहरूले घर परिवार तथा समाजमा कठिनाइको सामना गरि रहेका छन् भने कति पय बहिरा अपाङ्गता भएका व्यक्तिहरू र सेवा दिने निकायहरू बीचमा सञ्चार हुन सकेको छैन । विकसित मुलुकहरूमा सहज सञ्चार प्रविधि आइ सकेको छ । त्यो प्रविधिले बहिरा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सञ्चार सेवा प्रदान गर्ने गर्दछ । नेपालमा पनि उक्त प्रविधिको लागि राष्ट्रिय बहिरा महासंघ नेपाल मार्फत नेपालका सरकारको ध्यान केन्द्रित त गरेको छ तर पनि उक्त प्रविधिको विकासको लागि खासै काम भएको पाइदैन ।

नेपाल टेलिकमले भने बहिरा अपाङ्गता भएका व्यक्तिहरुलाई छुट्टै सिम उपलब्ध गराएर सो सिमबाट फोन गर्दा ०.६४ पैसा लाग्ने व्यवस्था गरिएको छ । बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सञ्चारमा सहज पहुँच पुऱ्याउनको लागि सिम कार्ड लिन, एस.एम.एस. सेवा, भिडियो कल सेवाको लागि केही मात्रमा भए पनि सहयोग मिलेको छ । बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सञ्चारमा सहज पहुँच पुऱ्याउनको लागि बहिरा अपाङ्गताको हक हित र अधिकार स्थापना गर्नको लागि स्थापना भएका संघ संस्थाहरुले काम गर्दै आएका छन् । ती संस्थाहरु मध्ये राष्ट्रिय बहिरा तथा सुस्तश्रवण संघले पनि स्थापना काल देखि नै विभिन्न संघ संस्थाहरुमा रहेका व्यक्तिहरुलाई साङ्केतिक भाषाको तालिम सञ्चालन गर्दै आएको छ । अझै पनि सम्बन्धीत निकायहरुले बहिरा अपाङ्गता भएका व्यक्तिहरुको साङ्केतिक भाषाको विकासको लागि बहिरा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरेर काम गर्न आवश्यक छ ।

# अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामाग्रीहरूको आवश्यकता र महत्त्व

केही अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नो दैनिक जीवन सहज रुपमा सञ्चालन गर्नको लागि, आवागमनमा सहजता ल्याउनको लागि सहयोगी सामाग्रीको आवश्यकता हुने गर्दछ । केही अपाङ्गता भएका व्यक्तिहरुले ह्वीलचियर, बैशाखी, सेतोछडी, श्रवण यन्त्र, विशेष प्रकारको जुत्ता, क्रचेस, कृतिम हात खुट्टाहरु लगाएतका सामाग्रीहरु प्रयोग गर्ने गर्दछन् । अपाङ्गता भएका व्यक्तिहरु मध्ये विशेष गरी शारीरिक, दृष्टिविहिन र सुस्तश्रवण अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीको आवश्यकता हुन्छ । तर यस्ता सामाग्रीहरु भनेको समयमा सबै ठाँउमा उपलब्ध भने हुदैनन् । अपाङ्गताको क्षेत्रमा काम गर्ने केही संघ संस्थाहरुले केही अपाङ्गता भएका व्यक्तिहरुलाई यस्ता सामाग्रीहरु उपलब्ध गराउने गरेको पाइन्छ । सहयोगी सामाग्रीको आवश्यकता हुने अपाङ्गता भएका व्यक्तिहरुले सहयोगी सामाग्रीको साहारामा आफ्नो जीवन यापनलाई सहज बनाउन सक्छन् ।

शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वीलचियर, बैशाखी, क्यालिपर, वाकर, कृतिम हात खुट्टा लगाएतका सामाग्रीहरुको आवश्यकता हुने हुन्छ भने दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुलाई सेतो छडि र सुस्तश्रवण अपाङ्गता भएका व्यक्तिहरुको लागि श्रवण यन्त्रको आवश्यकता हुने हुन्छ । यस्ता सामाग्रीहरु सबै ठाँउमा उपलब्ध हुन नसक्दा र पैसा तिरेर पनि किन्न नसक्दा कति पय अपाङ्गता भएका व्यक्तिहरुले कठिनाईको सामना गर्न परेको छ । सबै ठाँउमा सर्वसुलभ रुपमा सबै प्रकारका सहायक सामाग्रीहरु प्राप्त हुन नसक्दा कति पय सहायक सामाग्रीको आवश्यक हुने अपाङ्गता भएका व्यक्तिहरुले निकै कठिन पूर्ण जीवन व्यतित गर्न परेको छ । अपाङ्गताको

# स्थानीय निकायले सहयोगी सामाग्री उपलब्ध गराउनु पर्दछ



विष्णु कुमारी श्रेष्ठ, झापा

*म जन्मजात नै शारीरिक अपाङ्गता भएकी महिला हुँ । मैले दुबै खुट्टामा क्यालिपर र एल्बो क्रचेज प्रयोग गर्ने गर्दछु । हामीलाई आवश्यकता अनुसारको सहायक सामाग्रीहरु प्राप्त गर्न निकै कठिनाई छ । विभिन्न समयमा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले शिवीर सञ्चालन गरेर आवश्यकता अनुसारको सहयोगी सामाग्रीहरू वितरण गर्नु हुन्छ तर त्यहँ सम्म म जस्तै कतिपय अपाङ्गता भएका व्यक्तिहरुको पहुँच पुग्दैन । सर्व प्रथम त सहयोगी सामाग्री वितरण हुने कुराको जानकारी नै हुदैन भने यदी भएमा हाम्रो भौतिक संरचनाहरु अपाङ्गता मैत्री नहुदा त्यहाँ सम्म जान पनि सकिदैन । जसो तसो सहयोगी सामाग्री उपलब्ध भएता पनि बिग्रको खण्डमा बनाउने ठाँउ हुदैन । हामीहरुलाई आवश्यकता अनुसारको सहयोगी सामाग्री प्राप्त गर्नको लागि निकै कठिन छ । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा सहयोगी सामाग्री उपलब्ध गराउनको लागि नेपाल सरकार तथा स्थानीय तहरुहले विशेष ध्यान दिनु पर्ने र आफ्ना कार्यक्रमहरुमा यस विषयलाई प्राथामिकताका साथ स्थान दिनु आवश्यक छ ।*

क्षेत्रमा काम गर्ने केही संघ संस्थाहरुले सहायक सामाग्रीहरु वितरण गर्दै आएता पनि सबै अपाङ्गता भएका व्यक्तिहरुको पहुँच उनीहरु समक्ष पुग्न सकेको छैन। जसको कारण कतिपय अपाङ्गता भएका व्यक्तिहरुले सहायक सामाग्रीको अभावमा जीवन पायनमा कठिनाईको सामना गर्न परेको छ । कुनै व्यक्तिहरुले एक पटक प्राप्त गरेको सामाग्री बिग्रीएमा बनाउने ठाँउ नहुदा पनि समस्या भोगेका छन् । त्यसैले अबका दिनमा सबै सरोकारवाला निकायहरुले सहायक सामाग्रीको आवश्यकता हुने अपाङ्गता भएका व्यक्तिहरुलाई सर्व सुलभ ठाँउमा यस्ता सामाग्रीहरुको उपलब्धता गराउन जरुरी छ।

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सहायक सामाग्रीको

आवश्यकता हने अपाङ्गता भएका व्यक्तिहरुलाई आवगमन तथा दैनिक जीवन यापनमा सहजता होस भनेर विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरी सहायक सामाग्री निर्माण तथा वितरणको कामलाई निरन्तरता दिदै आएको छ । यो मन्त्रालय मार्फत सि.वि.आर मोरङ्, सर्लाहीको प्रेरणा संस्था, काठमाण्डौंको राष्ट्रिय अपाङ्ग कोष, कास्कीको ग्रीन पाश्चर अस्पताल, बाँकेको अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र, अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेत, नेपाल समाज कल्याण संघ कञ्चनपुर, काठमाण्डौंमा रहेको अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वावलम्वन जीवन पद्धती केन्द्र काठमाण्डौं लगाएतका संघ संस्थाहरुसँग

## विराटनगर सि.वि.आर.बाट निःशुल्क सहयोगी सामाग्री प्राप्त भयो



**चुडामणी बास्कोटा**
**उपाध्यक्ष, अपाङ्ग सेवा संघ, पाँचथर**

*म वि.स.२०६२ सालमा बैदेशकि रोजगारीको शिलशिलामा मलेसिया गएको थिए । त्यहाँ गएको ३ महिनामा काम गर्ने क्रममा मेरो देब्रे हात मेशिनमा हात परेर हातका सबै औलाहरु काटिए । राम्रो उपचार नभएको कारण पछि विभिन्न समस्या आएर हत्केकला देखि नै काट्नु पर्‍यो । यो हातलाई सहजता बनाउनको लागि मैले विराटनगर सि.वि.आर.बाट निःशुल्क रुपमा कस्मेटिक ग्लोबल अर्थात औला सहितको कृतिम हातको पञ्जा उपलब्ध गराउनु भयो र त्यो सहयोगी सामाग्री प्रयोग गर्ने गर्दछु । जसको कारण काम गर्नको लागि पनि केही सहज भएको छ । यसको लागि म विराटनगर सि.वि.आर.लाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । हामी सहयोगी सामाग्री आवश्यकता हुने अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहयोगी सामाग्रीहरु बजारमा किन्न पाइदैन । जसले गर्दा विभिन्न संघ संस्थाहरुको भर पर्नु पर्ने हुन्छ । ती सहयोगी सामाग्रीहरु प्रयोग गरे पछि आवगमनका लागि हाम्रा संरचनाहरु पनि अपाङ्गता मैत्री छैनन् । जसको कारण हामीलाई हरेक कार्यहरुमा चुनौती रहेको छ । त्यसैले राज्यका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको आवश्यकता अनुसारको सहयोगी सामाग्री सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था गरिदिन जरुरी छ । यस विषयमा सरोकारवाला निकायको ध्यान केन्द्रित होस् भन्न चाहन्छु ।*

# ह्वीलचियर तथा ट्राइसाइकल नहुदा हिड्डुलमा धेरै कठिनाई हुन्छ



चन्द्रिका सरदार, मोरङ्ग

म जन्मेको ७ महिनामा विरामी भएको कारण शारीरिक अपाङ्गता बन्न पुगे । म विरामी भए पछि मेरा दुबै खुट्टा चलेनन् र मलाई हिड्डुलमा समस्या आयो । जसको कारण अहिले म ट्राइसाइकल र ह्वीलचियरको सहयोगमा हिड्डुल गर्ने गर्दछु । हामीलाई आवश्यकता अनुसारको सहायक सामाग्रीहरु प्राप्त गर्न निकै कठिन अवस्था छ । पहिला पहिला त म सहयोगी सामाग्रीको अभावमा घिस्रेर विद्यालय जान्थे । ह्वीलचियर तथा ट्राइसाइकल नहुदा हिड्डुलमा धेरै कठिनाई थियो । विशेष गरी शौचालय जान धेरै गाह्रो हुन्थ्यो । मलाई हिड्डुलमा समस्या भएको कारण मेरो आवगमनको लागि कही संघ संस्थाहरुसँग ह्वीलचियर उपलब्ध गराइदिनु हुनको लागि आग्रह गर्दा पनि कति समय सम्म मैले प्राप्त गर्न सकिन । पछि विराटनगरमा रहेको सि.वि.आर.को सम्पर्कमा आए र त्यहाँबाट मलाई निःशुल्क रुपमा ट्राइसाइकल उपलब्ध गराउनु भयो । जसको कारण मेरो आवगमनमा निकै सहजता भयो । सबैठाँउहरुमा ट्राइसाइकल जान नसक्ने भएको कारण पुन मैले विराटनगर सि.वि.आर.मा ह्वीलचियरको लागि अनुरोध गरे र उहाँहरुले मलाई ह्वीलचियर पनि उपलब्ध गराउनु भयो । यसको लागि सि.वि.आर.विराटनगरलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । अपाङ्गताको क्षेत्रमा काम गर्ने केही संघ संस्थाहरुले केही मात्रमा भए पनि सहयोगी सामाग्रीहरु त उपलब्ध गराउनु हुन्छ तर ती सामाग्रीहरु विग्रिदा मर्मत गर्ने ठाँउ नहुदा झनै चुनौती रहेको छ । राज्य स्तरबाट अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसारको सहायक सामाग्रीहरु उपलब्ध गराउनुको साथै यी सामाग्रीहरुको मर्मत गर्ने स्थानको पनि व्यवस्था गरिदिएमा राम्रो हुने थियो ।

# आवश्यकता अनुसारको सहयोगी सामाग्री निर्माण गरेर वितरण गर्दै आएका छौ



**अशोक शर्मा, प्राविधिक, सि.वि.आर विराटनगर**

*सि.वि.आर विराटनगरले करिब २६ वर्ष देखि अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्दै आएको छ । यस संस्थाले सन् २००५ मा आफ्नै वर्कसप बनाएर स्थानीय तह तथा नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालयको सहकार्यमा पनि आवश्यकता अनुसारको सहायक सामाग्रीहरु उत्पादन र वितरण गर्दै आएको छ । यस संस्थाले विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको आवश्यकता अनुसारको सहायक सामाग्री उत्पादन गरेर वितरण गर्दै आएको छ । यहाँ शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि कृतिम, खुट्टा, उत्पादन गर्ने, हात खुट्टा काटिएको ठाँउमा लगाउनको लागि आवश्यकता अनुसारको सहयोगी सामाग्री निर्माण गर्ने गर्दछौ । यसका साथै विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरेर ह्वीलचियर, बैशाखी, ट्राइसाइकलहरु पनि उपलब्ध गराएर वितरण गर्दै आएका छौ । सहयोगी सामाग्री आवश्यक हुने अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोगी सामाग्रीहरु निर्माण गर्नको लागि प्रयाप्त सामाग्रीहरु उपलब्ध नहुदा निकै चुनौती छ तर पनि विभिन्न संघ संस्थाहरुको सहकार्यमा यो कार्यलाई निरन्तरता दिदै आएका छौ । अहिले हामीले प्रदेश नं १ मा रहेका र आवश्यकता अनुसार देशका विभिन्न स्थानमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि पनि सहयोगी सामाग्री वितरण गर्दै आएका छौ । अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक अवस्था हेरेर निःशुल्क तथा न्यून शुल्कमा सहायक सामाग्रीहरु उपलब्ध गराउदै आएका छौ । म पनि शारीरिक अपाङ्गता भएको व्यक्ति हु । मेरो खुट्टा कमजोर भएको कारण विगत २५ वर्ष देखि सि.वि.आर.विराटनगरको सहयोगमा हिड्डुलमा सहज हुने सामाग्री प्रयोग गर्दै आएको छ । यसको लागि सि.वि.आर. विराटनगरलाई हृदय देखि नै धेरै धेरै धन्यवाद दिन चाहन्छु ।*

## आवश्यकता अनुसारको सहयोगी सामाग्री प्राप्त गर्न कठिन छ



**देविका मगर,सप्तकोशी नगरपालिका २,**

*म शारीरिक अपाङ्गता भएकी महिला हु । म २२ वर्षको भए पछि लडेर देब्रे खुट्टाको नशा काटिएको कारण म शारीरिक अपाङ्गता बन्न पुगे । हाल मैले आवगमनका लागि बैशाखी प्रयोग गर्ने गर्दछु । यो बैशाखी प्राप्त गर्नको लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थासँग आवद्ध नभएका अपाङ्गता भएका व्यक्तिहरुलाई निकै कठिनाई हुन्छ । म पनि पहिला कुनै संघ संस्थामा आवद्ध नहुदा यो सहयोगी सामाग्री प्राप्त गर्न सकिन र अस्पतालबाट किनेर प्रयोग गर्ने गरेकी थिए पछि अपाङ्गताको क्षेत्रमा काम गर्ने एउटा संस्थामा आवद्ध भए पछि सोही संस्थाको माध्यमबाट मलाई यो बैशाखी उपलब्ध गराएको हो । हामी सहयोगी सामाग्री प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरु आवश्यकता अनुसारको सहयोगी सामाग्री विना कुनै पनि काम गर्न सक्दैनौ । हामीलाई घर देखि बाहिर निस्कन नै कठिन हुन्छ । त्यसै यस्ता सामाग्रीहरु उपलब्ध गराउने संघ संस्थाहरुलाई ह्रदय देखि धेरै धेरै धन्यवाद दिन चाहन्छु । नेपाल सरकारले पनि देशभर रहेका सहयोगी सामाग्री प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसारको सहयोगी सामाग्रीहरु उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु ।*

सहकार्य गेरर आवश्यकता अनुसारको सहयोगी समाग्री वितरण कार्यमा सहयोग गर्दै आएको छ । यस्ता कार्यले केही शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले सहायक सामाग्रीको प्रयोग गर्न पाएका छन् । सहायक सामाग्रीको आवश्यकता हुने अपाङ्गता भएका व्यक्तिहरुलाई महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पनि देशका विभिन्न स्थानमा रहेका संघ संस्थाहरुको सहकार्यमा यो आर्थिक वर्षमा पनि सातै प्रदेशमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक सहायक सामाग्री उत्पादन र

# ग्रामीण क्षेत्रमा रहेका दृष्टिविहिन अपाङ्गताले सेतो छडी पाउन सकेका छैनन्



**पदम सुब्बा, अध्यक्ष, ईलाम नेत्रहिन संघ**

*म पूर्ण दृष्टिविहिन अपाङ्गता भएको व्यक्ति हुँ । मैले आवागमनलाई सहज बनाउनको लागि सेतो छडी प्रयोग गर्ने गर्दछु । दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सेतो छडी नेपाल नेत्रहिन संघ काठमाण्डौं तथा अन्य संघ संस्थाहरुले निःशुल्क रुपमा वितरण गर्दै आएका त छन् तर पनि ग्रामीण क्षेत्रमा रहेका दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुले त्यो सहयोगी सामाग्रीको उपयोग गर्न पाएका छैनन् । हामी आफैले पैसा तिरेर आवश्यक परेको खण्डमा किन्छौ भने पनि बजारमा यसको उपलब्धता छैन । जसले गर्दा दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुले शहरी क्षेत्रमा यसको उपयोग गर्न पाएता पनि ग्रामीण तथा दुरदराजमा रहेका दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि भने निकै चुनौती रहेको छ । नेपाल सरकारले दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको पनि आवागमनलाई सहजता बनाउनको लागि प्रयाप्त मात्रामा सेतो छडीको उपलब्धता गरेर सबै ठाँउमा वितरण गरोस् भन्न चाहन्छु ।*

वितरणको लागि बजेट विनियोजन गरेको छ ।

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सहायक सामाग्रीको आवश्यकता हुने अपाङ्गता भएका व्यक्तिहरुलाई आवागमन तथा दैनिक जीवन यापनमा सहजता होस भनेर विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरी सहायक सामाग्री निर्माण तथा वितरणको कामलाई निरन्तरता दिदै आएको छ । यो मन्त्रालय मार्फत सि.वि.आर मोरङ् बाट आर्थिक वर्षमा ६२ थान, सर्लाहीको प्रेरणा संस्था बाट ३८० थान, काठमाण्डौंको राष्ट्रिय अपाङ्ग कोष बाट १ हजार २ सय ६९ थान, कास्की को ग्रीन पाश्चर अस्पतालबाट ५६ थान, बाँकेको अपाङ्ग शसक्तिकरण एवं सञ्चार केन्द्र बाट ४ सय २५ थान, अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेत र नेपाल समाज कल्याण संघ कञ्चनपुर बाट २ सय ७३ थान र काठमाण्डौंमा रहेको अपाङ्गता भएका

व्यक्तिहरुको लागि स्वावलम्वन जीवन पद्धती केन्द्र बाट ३३ थान ह्वीलचियर उत्पादन गरेर भएको हो । यो संस्था समाज कल्याण परिषद अन्तर्गत सञ्चालन भएको छ । यो संस्थाले

## श्रवणयन्त्र सर्वसुलभ रुपमा उपलब्ध छैन



**ओम प्रकाश संग्रौला, मेची बहिरा संघ, झापा**

*म सुस्तश्रवण अपाङ्गता भएको व्यक्ति हुँ । मैले श्रवणयन्त्र प्रयोग नगरी सुन्न सक्दिन । श्रवणयन्त्र नभएको खण्डमा मलाई दोभाषेको आवश्यकता हुन्छ । यो श्रवणयन्त्र प्राप्त गर्नको लागि मलाई धेरै कठिनाई थियो । कुन संस्थामा यस्ता सामाग्रीहरु वितरण गरिन्छ भन्ने कुराको जानकारी पनि थिएन । मैले आफैले भारतबाट २२ अजार रुपैयमा यो श्रवणयन्त्र किनेको हो र प्रयोग गर्दै आएको छु । एक दुई वर्षमा नै यो सामाग्री बिग्रन्छ तर बनाउने ठाँउ छैन । श्रवणयन्त्रको पहुँचमा बहिरा तथा सुस्तश्रवण अपाङ्गता भएका व्यक्तिहरुको पहँच पुग्न सकेको छैन । अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सामाग्रीहरुको विषयमा स्थानीय तहले चासो दिनु पर्दछ । ह्वीलचियर, बैशाखी, ट्राइसाइकल, सेतो छडी लगाएतका सामाग्रीहरु वितरण गर्ने संघ संस्थाहरुले सुस्तश्रवण अपाङ्गता भएका व्यक्तिहरुको लागि पनि आवश्यकता अनुसारको श्रवणयन्त्र वितरण गर्न जरुरी छ । यस विषयमा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था, सहायक सामाग्री निर्माण तथा वितरण गर्ने निकाय तथा राज्यले पनि चासो दिनु पर्दछ । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसारको सहायक सामाग्री उपलब्ध गराउन जरुरी रहेको छ ।*

वितरण गरेको छ । यस्ता कार्यले केही शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले सहायक सामाग्रीको प्रयोग गर्न पाएका छन् । काठमाण्डौंको भृकुटीमण्डपमा रहेको राष्ट्रिय अपाङ्ग कोष वि.स. २०३९ सालमा स्थापना स्थापना काल देखि नै विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक सहायक सामाग्रीहरुको निर्माण तथा वितरण गर्दै आएको छ । यस संस्थाबाट शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको नाप जाँच गरेर क्यालिपर,

# आवश्यकता अनुसार कृतिम हात खुट्टाहरु निर्माण गरी वितरण गरिन्छ



**राम बहादुर थापा, अर्थोपेडिक टेक्नोलोजिष्ट, राष्ट्रिय अपाङ्ग कोष, काठमाण्डौं**

*काठमाण्डौंको भृकुटीमण्डपमा रहेको राष्ट्रिय अपाङ्ग कोषले विशेष गरी शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको आवगमनलाई सजिलो बनाउनको लागि आवश्यक हुने सहयोगी सामाग्रीको निर्माण गर्ने र वितरण गर्ने कार्यलाई निरन्तरता दिदै आएको छ । यहाँ हामीले उनीहरुको नाप, जाँच लिएर कृतिम हात खुट्टा, विशेष प्रकारको जुत्ता, निर्माण गर्ने गरिन्छ । त्यसै गरी विभिन्न संघ संस्थाहरुको सहकार्यमा ह्वीलचियर पनि उपलब्ध गराउने गर्दछ । घुँडा भन्दा मुनी वा माथी काटिएको, हातको कुहिना भन्दा मुनी वा माथी काटिएको भागलाई सहज बनाउनको लागि सहयोग गर्ने सामाग्री पनि बनाउछौ । यस संस्थामा आवश्यकता अनुसारको फिजियो थेरापी पनि उपलब्ध गराउने गर्दछौ । हामीले निर्माण गरेका सहायक सामाग्रीहरुले शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको आवगमनमा सहजता भएको पाएका छौं । अपाङ्गता भएका व्यक्तिहरुको सहायक सामाग्री निर्माण गर्नको लागि अझै दक्ष प्राविधिक उत्पादन गर्न जरुरी देखिन्छ ।*

बेल्ट, विशेष खालको जुत्ता, कृतिम हात खुट्टाहरु, वाकर, बैशाखी, ह्वीलचियर वितरण गर्ने गर्दछ भने दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि सेतो छडि र मस्तिष्क पक्षाघात अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष कुर्सी पनि वितरण गर्ने कार्य गर्दै सहायक सामाग्रीको आवश्यकता हुने अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री उपलब्ध गराउदैं आएको छ । त्यसै गरी दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको आवागमनलाई सहजता ल्याउनको लागि नेपाल नेत्रहिन संघ, दृष्टिविहिन कल्याण संघ देशका विभिन्न स्थानमा रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले सहायक सामाग्री वितरण गर्ने विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरेर पनि अपाङ्गता भएका व्यक्तिहरुको लागि

आवश्यकता अनुसारको सहायक सामाग्रीहरु वितरण गर्दै आएका छन् भने अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वाबलम्बन जीवन पद्धती केन्द्र काठमाण्डौं र ललतिपुरले पनि आवश्यकता अनुसारको ह्वीलचियर निर्माण गरेर वितरण गर्दै आएका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री वितरण गर्ने संघ संस्थाहरु मध्ये काठमाण्डौंको अनामनगरमा रहेको राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाज पनि एक हो । यो संस्थाले विगत १३ वर्ष देखि शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि ह्वीलचियर

## यस संस्थाले स्थापना काल देखि सहायक सामाग्री निर्माण तथा वितरण गर्दै आएको छ



**सुनिता पौडेल, प्रशासन अधिकृत, राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डप, काठमाण्डौ**

*राष्ट्रिय अपाङ्ग कोष समाज कल्याण परिषद अतर्गतको एक सामाजिक संस्था हो । यसको स्थापना वि.स.२०३९ सालमा भएको हो । यस संस्थाले स्थापना काल देखि शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसारको सहयोगी सामाग्री उपलब्ध गरादै आएको छ भने दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुलाई पनि सेतो छडी वितरण गर्ने र अन्य कार्यहरुलाई निरन्तरता दिदै आएको छ । यस संस्थाले शरीरका कमजोर अंगहरुलाई सहयोग गर्नको लागि विभिन्न सामाग्रीहरु ( अर्थोशिस ) गुमेका अंगहरुलाई सहयोग गर्नको लागि, गमनशिलतामा सहजता ल्याउनको कृतिम हात खुट्टा ( प्रथोशिस ) निर्माण गर्ने, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य गरेर ह्वीलचियर तथा बैशाखी वा वाकरहरु ल्याई वितरण गर्ने काम गर्दै आएको छ । यो संस्थाले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरेर घुम्ति शिविरहरु मार्फत पनि अपाङ्गता भएका व्यक्तिहरुको उपलस्थितिमा व्यक्तिगत विवरण राखी फिजियो थेरापिष्टको सल्लाह सुझाब अनुसार नाप जाँच गरेर निःशुल्क रुपमा ह्वीलचियर, बैशाखी, वाकर, विशेष प्रकारको जुत्ता, कृतिम हात खुट्टा वितरण गर्ने काम गर्दै आएको छ । यहाँबाट वितरण गर्ने सहयोगी सामाग्रीहरुले उनीहरुको आवगमन तथा दैनिक कार्यहरुमा सहजता ल्याएको पाइएको छ ।*

# ह्वीलचियर तथा ट्राइसाइकल निःशुल्क वितरण गर्ने गर्दछौं



सुगम भट्टराई, उपाध्यक्ष, राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाज, काठमाण्डौं

*कठमाण्डौंको अनामनगरमा रहेको राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाजले विगत १३ वर्ष देखि शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष गरी ह्वीलचियर तथा ट्राइसाइकल निःशुल्क रुपमा वितरण गर्दै आएको छ । यो संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सहकार्यमा नेपालभर रहेका शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको आवगमनमा सहजता ल्याउनको लागि सहायक सामाग्री वितरण गर्दै आएको छ । यस संस्था मार्फत विश्व स्वास्थ्य संगठनमा उल्लेख गरिएको निर्देशन अनुसार नाप जाँचको प्रक्रिया पुरा गरी ह्वीलचियर तथा ट्राइसाइकल वितरण गर्ने गर्दछ । जो व्यक्तिलाई हिड्डुल गर्नमा कठिनाई हुन्छ, मेरुदण्डमा चोट लागेर कम्बर देखि मुनिको भाग चल्दैन, पोलियो वा अन्य कुनै कारणले हिड्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वीलचियर तथा ट्राइसाइकल वितरण गर्ने गरिन्छ । अहिले सम्म यस संस्था मार्फत नेपालका ६० वटा जिल्लामा १३ हजार अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वीलचियर तथा ट्राइसाइकल निःशुल्क रुपमा वितरण गरि सकिएको छ । राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाज अनामनगरले देश भरी छरिएर रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु तथा स्थानीय निकायहरुसँग सहकार्य गरी आवश्यकता अनुसार ह्वीलचियर तथा ट्राइसाइकल उपलब्ध गराउदै आएको छ । यस संस्थाबाट प्राप्त गरेको सहायक सामाग्री मार्फत अपाङ्गता भएका व्यक्तिहरुलाई आवागमनमा सहज भएको पाइएको छ । कतिपय अपाङ्गता भएका व्यक्तिहरुले यी सामाग्रीहरुको सहयोगमा शिक्षा प्राप्त गर्न सक्षम भएका छन् भने कति पयले रोजगारीमा सहभागि हुने अवसर पाएको पनि पाइन्छ ।*

र ट्राइसाइकल वितरण गर्दै आएको छ। यो संस्थाले देशभर छरिएर रहेका विभिन्न जिल्लामा रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँग सहकार्य गरेर त्यहाँ नै पुगी अपाङ्गता भएका व्यक्तिको सहायक समाग्रीको नाप जाँच गरी निःशुल्क रुपमा सहयोगी सामाग्री उपलब्ध गराउने गर्दछ भने केन्द्रबाट पनि वितरण गर्ने गर्दछ। अपाङ्गताको

# दमक अपाङ्ग सहयोग समितिले आवश्यकता अनुसारको सहायक सामाग्री उपलब्ध गराउने गर्दछ



**खगेन्द्र भट्टराई, अध्यक्ष, दमक अपाङ्ग सहयोग समिति**

*दमक अपाङ्ग सहयोग समितिले विभिन्न संघ संस्थाहरु तथा स्थानीय निकायहरुसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वीलचियर, बैशाखी, सेतो छडी, ट्राइसाइकल उपलब्ध गराउदै आएका छौ । हामीले विभिन्न समयमा शिविर सञ्चालन गरेर प्राविधिकहरु मार्फत उनीहरुलाई आवश्यक सहयोगी सामाग्रीको नाप जाँच गरेर उपलब्ध गराउदै आएका छौ । हामीले काठमाण्डौंमा रहेको राष्ट्रिय अपाङ्ग कोष, राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाज, नेपाल नेत्रहिन संघ लगाएतका संघ संस्थाहरुको सहकार्यमा विभिन्न समयमा सहयोगी सामाग्रीहरु वितरण गर्दै आएका छौ । हामीले यो संस्था मार्फत वि.स. २०५९ साल देखि बार्षिक रुपमा २० देखि ३० जना आवश्यकता अनुसारको सहायक सामाग्री वितरण गर्ने कार्यलाई निरन्तरता दिएका छौ । दोऱ्याएर दिदा हामीले २ वर्षमा पुन उपलब्ध गराउने गर्दछौ । अपाङ्गता भएका व्यक्तिहरुले सहयोगी सामाग्री प्राप्त गरको खण्डमा आफ्ना दैनिक क्रियाकलाप आफै सम्पन्न गर्नुको साथै अन्य नागरिक सरह काम गर्न सक्षम भएका छन् । अपाङ्गता भएका व्यक्तिहरुको सहायक सामाग्री उपलब्ध गराउनको लागि नेपाल सरकारले अपाङ्गताको क्षेत्रमा काम गर्ने केही संघ संस्थाहरुसँग सहकार्य गरेर काम त गरेको छ तर त्यो कार्यलाई देशका सबै स्थानहरुमा पुऱ्याउन जरुरी रहेको छ ।*

क्षेत्रमा काम गर्ने केही संघ संस्थाहरुले अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गरेर सहयोगी सामाग्रीहरु उपलब्ध गराउने गरेका छन् । जस मध्ये विराटनगरको सि.वि.आर. संस्थाले पनि शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई कृतिम हात खुट्टा, ह्वीलचियर, ट्राइसाइकल निःशुल्क उपलब्ध गराउदै आएको छ । तर पनि सबै स्थानमा रहेका अपाङ्गता भएका व्यक्तिहरुले सहज रुपमा ती आवश्यकता अनुसारको सहायक सामाग्रीहरुको उपयोग गर्न नपाएको गुनासो गरेको पाइन्छ । यस्ता समस्याहरुको न्यूनिकरणका लागि अबका दिनमा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था राज्य स्तर तथा स्थानीय तह र

# आवश्यकता अनुसारको सहयोगी सामाग्री उपलब्ध गराउदै आएका छौ



**यमनाथ मैनाली, सदस्य सचिव, राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डप, काठमाण्डौं**

*सहयोगी सामाग्रीको आवश्यकता हुने अपाङ्गता भएका व्यक्तिहरु आवश्यकता अनुसारको सहयोगी सामाग्री विना घरको कोठाबाट बाहिर निस्कन पनि सक्दैनन् । उनीहरुको लागि सहयोगी सामाग्री अति आवश्यक कुरा हो । यस्ता सामाग्रीहरु एक पटक प्राप्त हुदैमा यो सधैलाई हुन्छ भन्ने हुदैन । उनीहरुलाई विश्व स्वास्थ्य संगठनको निर्देशन अनुसार दक्ष प्राविधिक मार्फत नाप जाँच गरेर आवश्यकता अनुसारको सहयोगी सामाग्री उपलब्ध गराउनु पर्ने हुन्छ । सोही अनुसार हामीले शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोगी सामाग्री वितरण गर्दै आएका छौ । नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहकार्यमा पनि हामीले आवश्यक सहयोगी सामाग्री उपलब्ध गराउदै आएका छौ । अहिले नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ अनुसार प्रत्येक स्थानीय निकायमा उपप्रमुख वा उपमेयरहरुको नेतृत्वमा समिति खडा गरेर सोही समितिबाट अपाङ्गताको पहिचान, अपाङ्गता परिचय पत्रको सिफारिस, सहायक सामाग्री उपलब्धता तथा वितरण कार्यक्रमको योजना तर्जुमा गरी काम गर्ने भनिएको छ । त्यस कार्यमा पनि विभिन्न जिल्लाका गाँउपालिका, नगरपालिका, अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्दै सहयाक सामाग्री वितरणको कार्यमा सहयोग गर्दै आएको छ । आवश्यकता अनुसारको सहायक सामाग्रीहको उपलब्धताले नै अपाङ्गता भएका व्यक्तिहरुको जीवन चलायमान हुन्छ सोही अनुसार हामीले पनि सहयोग गर्दै आएका छौ । हामीले गरेको कार्यको प्रभावकारीता सकारात्मक रहेको पाइएको छ । राष्ट्रिय अपाङ्ग कोषले नेपालको पूर्व देखि पश्चिम सम्म रहेका अपाङ्गता भएका व्यक्तिहरुको आवगमनमा सहजता ल्याउनको लागि आवश्यकता अनुसारको सहयोगी सामाग्री निर्माण तथा वितरण गर्दै आएका छौ ।*

## अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थासँग सहकार्य गरेर काम गरेका छौ



**ओम भटराई, शाखा अधिकृत, अपाङ्गता अधिकार प्रवद्र्धन शाखा, महिला बाल बालिका तथा जेष्ठ नागरिक मन्त्रालय**

*अपाङ्गता भएका व्यक्तिहरुलाई आवगमनमा सहजता होस् भनेर यस मन्त्रालय मार्फत नेपालममा रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरेर आवश्यकता अनुसारको सहयोगी सामाग्री निमार्ण गर्ने र वितरण गर्ने कामलाई निरन्तरता दिदै आएका छौ । विराटनगर सि.वि.आर, काठमाण्डौंको राष्ट्रिय अपाङ्ग कोष, पोखराको हरियो खर्क अस्पताल, सर्लाहीको प्रेरणा, अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक), नेपालगञ्जको बैजनाथ गाँउपालिका, सुर्खेतको अपाङ्ग शसक्तिकरण केन्द्र, कञ्चनपुरको नेपाल राष्ट्रिय समाज कल्याण संघ जस्ता संस्थाहरुसा.को सहकार्यमा आवश्यकता अनुसारको सहायक सामाग्री निर्माण तथा वितरण गर्दै आएका छौ । अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता अनुसार ह्वीलचियर, कृतिम हात खुट्टा, बैशाखी, एल्बोकर्चेस लगाएतका सामाग्रीहरु उपलब्ध गराइएको छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थासँगको सहकार्यमा उत्पादन गरी वितरण गरिएको सहायक समाग्रीहरुले उनीहरुके आवगमनका साथै दैनिक क्रियाकलापहरु सम्पन्न गर्नको लागि ठुलो सहयोग गरेको छ ।*

अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गताको प्रकार अनुसार र उनीहरुको आवश्यकता अनुसारको सहयोगी सामाग्री निर्माण तथा वितरणका कार्यक्रमहरुलाई प्राथामीकता दिएर काम गर्नु पर्ने जरुरी छ । जुन कार्यले अपाङ्गता भएका व्यक्तिहरुको सहायक सामाग्री वितरणको कार्यलाई देशका सबै स्थानमा सर्व सुलभ रुपमा उत्पादन र वितरण गर्न ठुलो मद्यत पुग्ने छ ।

# लघुकथाः इच्छा

यमुना खतिवडा 'यामु',
शरणामति-६ झापा

सन्ध्या हाम्रो गाउँपालिकामा जागिर खुलेको छ । तिमी पनि गएर निवेदन देऊ । कुरा राख । पढे लेखेकी छौ । कही न कही त स्थान पाइ हाल्छयौ नि । रेश्माले पूर्वाञ्चल दैनिक पढेर सुनाउँदै भनिन् ।

सन्ध्या भोलि पल्ट बिहानै आफ्ना सबै कागजपत्र र फोटोकपी सहित एउटा निवेदनको साथमा गाउँपालिका पुगिन् ।

'के कामको लागि आयौ सन्ध्या ?' गाउँपालिका अध्यक्षले सोधे ।

गाउँपालिकामा जागिर खुलेको छ भन्ने सुनेर आएकी । म पनि योग्यता अनुसारको काम गर्न पाऊ भनी निवेदन दिन आएकी ।

ह्विलचेयरमा बसेकी सन्ध्यालाई अध्यक्षले नियालेर हेर्छन् र भन्छन्ः

ठीकै छ । निवेदन छोडेर जानु । हामी आउदै गरेको मासिक बैठकमा तिम्रो निवेदनमाथि छलफल गर्छौ र तिमीलाई खबर गरौला ।

केही समय पछि सन्ध्या गाउँपालिकामा बुझ्न जाँदा कार्यालयमा त नयाँ कर्मचारीहरू थिए ।

एउटा फाँटामा सन्ध्याकै क्याम्पस पढ्दाको सहपाठी पनि थिए ।

'अरे तिमी यहाँ ?' सन्ध्याले सोधिन् ।

'सन्ध्या मैले काम गर्न थालेको दुई महिना हुन लाग्यो । अप्ठ्यारो मान्दै जवाफ आउँछ ।

सन्ध्या हुईलचेयर ठेल्दै अध्यक्षको कोठामा पुगिन् र भनिन्ः

अध्यक्षज्यू मैले दिएको निवेदन के भयो ? आज २ महिना हुँदा नि कुनै जवाफ आएन नि ?'

अध्यक्षले कालो मुख लाउँछन् ।

गाउँपालिकामा पुरानो अधिकृतको सरुवासँगै नयाँ अधिकृत आउने हल्ला हुन्छ ।

मान्छे भन्थेः नयाँ अधिकृत महिला हुन रे । भ्रष्टाचार र नातावादको विरोधी छिन् रे । जालझेलको विरोधी छिन् रे ।

यो कुराले गाउँपालिकाका सबैको ओठ तालु सुकेको थियो । किनकि त्यहाँ योग्य मान्छेलाई जागिर नदिएर आफ्नो मान्छेलाई बाँडिचुँडी जागिर दिएका थिए । भ्रष्टाचार व्याप्त थियो ।

पुष महिनको जाडोमा हातमा फूलमाला बोकेर स्वागतार्थ गाउँपालिकाका अध्यक्षसहित कर्मचारी र वडाबाट मानिसहरू सहित भेला भएका थिए । आउँदै गरेकी अधिकृतलाई देखेर सबैको निधारमा पसिना आएको थियो । अधिकृतका रूपमा सन्ध्या ह्विलचेयरमा आएकी थिइन् ।

# पाँचपोखरी थाङ्पाल गाँउपालिका सिन्धुपाल्चोकको

## अनुरोध

- शिक्षित समुदाय समृद्ध गाँउपालिका, आधारभुत शिक्षाबाट बन्चित नहुनु हाम्रा बालबालिका।
- एक घर एक शौचालय, एक कसेसा बारी।
- समयमै व्यवसाय दर्ता गरी कर तिरौं, समृद्ध गाँउपालिका निर्माणमा सहभागी बनौं।
- बाल शोषण अन्त्य गरौं, बालबालिका मैत्री समाज निर्माण गरौं।
- सिम खोल्सामा अलैची र कान्लो पाखामा अम्रिसो रोपौं।
- पाहुना हाम्रो साथी हुन हाम्रो पाँचपोखरी गाँउपालिकाको धार्मिक स्थलको जानकारी गराऔं। (विशेष गरी पाँचपोखरी तिर्थ स्थाल)
- भुकम्प प्रतिरोधी घर निर्माण गरौं, भविष्यमा धनजनको क्षतीबाट बचौं।
- शिक्षा कृषि पर्यटन, दिन्छ यसले सुखी जीवन।



**अध्यक्ष : टासी लामा**

**उपाध्यक्ष: सुनिता अधिकारी**

**कार्यपालिका सदस्यहरु र गाँउपालिका परिवार,**

**पाँचपोखरी थाङ्पाल गाँउपालिका, सिन्धुपाल्चोक**

www.inseconline.org
Human Rights... A Window to Nepal

नेपालको पहिलो मानव अधिकार समाचार अनलाइन
नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध समाचार, मानव अधिकार प्रतिवेदन,
मानव अधिकारसँग सम्बन्धित लेखहरू समेटिएको
यस वेबसाइटमार्फत
देशको मानव अधिकार स्थितिको ताजा जानकारी लिनुहोस् ।

इन्सेक
insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np , वेबसाइट: www.insec.org.np, www.inseconline.org

*"सिन्धुपाल्चोकको सुन्दर शहर
समृद्ध र सु-संस्कृत हाम्रो मेलम्चीनगर"*

**हाम्रो अनुरोध**

⇒ सुर्तिजन्य पदार्थको प्रयोगले मुटुलाई क्षती पु-याउछ
⇒ स्वास्थ्य रोजौं, सुर्तिजन्य पदार्थको प्रयोग नगरौं ।
⇒ अनिवार्य नक्सा पास गरी घर निर्माण गरौं, समभावित विपतबाट बचौं ।
⇒ सडक मापदण्ड पालना गरी भौतिक संरचना निर्माण गरौं ।
⇒ हरियाली प्रवर्द्धनका लागि बाटोको दाँया बाँया र खाल्टो भूभागमा वृक्षारोपण गरौं ।
⇒ फोहोरको उचित व्वस्थापन गरौं र रोग लाग्नबाट बचौं ।
⇒ समयमै कर तिरौ, समृद्ध मेलम्ची नगर निर्माणमा सहभागि बनौं ।
⇒ उधोग व्यवसाय दर्ता गरी संचालन गरौं र "कर" करले होइन रहरले तिरौं ।

**डम्बर बहादुर अर्याल**
**मेयर तथा सम्पूर्ण मेलम्ची नगरपालिका परिवार**
**सिन्धुपाल्चोक, मेलम्ची**

# अटिजम केयर नेपाल सोसाइटी
## अब देखि हरिसिद्धि वडा नं २९ ललितपुर महानगरपालिकामा

सम्पर्क : पोष्ट बक्स नं : २३७२९ फोन नं : ०१ – ५२५१५५४

Email : autismnepal@gmail.com

Web : www.austismnepal.org






*"मध्य नेपालको सुन्दर शहर*
*समृद्ध र सु-संस्कृत भरतपुर महानगर"*

## हाम्रो अनुरोध

१. "सुर्तिजन्य पदार्थको प्रयोगले मुटुलाई क्षति पुऱ्याउँछ स्वास्थ्य रौजौं : सूर्तिजन्य पदार्थ होईन"

२. अनिवार्य नक्शापास गरी घर निर्माण गरौं, सम्भावित विपदबाट बचौं।

३. सडक मापदण्ड पालना गरी भौतिक संरचनाहरु निर्माण गरौं।

४. हरियाली प्रवर्द्धनका लागि बाटोको दायाँ बायाँ र खाली भूभागमा वृक्षारोपण गरौं।

५. फोहोरको उचित व्यवस्थापन गरौं, रोग लाग्न बाट बचौं।

६. समयमै व्यवसाय कर तिरौं समृद्ध महानगर निर्माणमा सहभागी बनौं।

७. "कर" करले होईन, रहरले तिरौं।

**ओम बहादुर रावल**

**कार्यभार अध्यक्ष तथा सदस्य ज्यू हरू**

**भरतपुर महानगरपालिका वडा नं १६ भरतपुर, चितवन**

## भरतपुर महानगरपालिका वडा नं ४ को तर्फबाट
## सम्पूर्ण वडावासीहरुमा अनुरोध

⇒ सार्वजनिक बाटोमा निर्माण सामग्री नराखौं।
⇒ लागू औषध तथा दुर्व्यशनीलाई निरुत्साहित गरौं।
⇒ महिला हिंसा तथा बेचबिखन प्रत सचेत रहौं।
⇒ धार्मिक तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
⇒ निर्माण कार्य पूर्व नक्सा पास गरेर मात्र काम सुरु गरौं।
⇒ नेपाल सरकारको योजना अनुसार अनिवार्य स्वास्थ्य बिमा गरौं।
⇒ धार्मिक सहिष्णुता सहितको आध्यात्मिक चिन्तनको विकास गरौं।
⇒ सिफारिस लिन आँउदा आवश्यक कागजात साथमा लिएर आउँ।
⇒ बालश्रममुक्त समाजको निर्माण गरौं, वृद्धवृद्धाहरुको सम्मान गरौं।
⇒ दलित, पिछडा तथा विपन्न वर्ग र समुदायको उत्थानमा सहभागी बनौं।
⇒ समयमा कर तिरौं व्यवसाय दर्ता गरेर सभ्य नागरिकको परिचय दिऔं।
⇒ Way Group द्धारा सञ्चालित गुटका मुक्त अभियानलाई अगाडि बढाऔं।
⇒ राज्यद्धारा प्रदान गरिएको सेवामा कमजोरी भए समयमा नै सूचित गरौं।
⇒ सामुदायिक विद्यालयलाई माया गरौं, गुणस्तरिय शिक्षाप्रति ध्यान पु-याऔं।
⇒ स्वच्छ सफा, प्रदुषणमुक्त प्लाष्टिक रहित वातावरण वडा बनाउन सहयोग गरौं।
⇒ रेडक्रश लगायत सामाजिक संघ संस्थामा सहभागी भई सेवा र सहयोग गरौं।
⇒ जन्म, विवाह, बसाइँसराइँ, सम्बन्ध विच्छेद र मृत्यु दर्ता लगायनका घटना दर्ता ३५ दिन भित्रमा गराऔं।

नेपाल रेडक्रस सोसाइटी लंकु उपशाखाको २० औ उपशाखा सभाको अधिवेशनको अवसरमा संस्थाको पूर्ण सफलताको हार्दिक मङ्गलमय शुभकामना।




## विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०७६ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

# नेपाल हेमोफेलिया सोसाइटी

अनामनगर, काठमाण्डौं
फोन नं : ०१-५१७२७२९
Email : nepalhemo@gmail.com Web: www.hemophilianp.org.np

# अम्बिका रिजाल र उहाँको घर परिवारमा आएको सकारात्मक परिवर्तन

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१८ जुलाई देखि सन् २०२१ सम्मको लागि यूके.एड.को आर्थिक सहयोग र डि.डि.पी.को साझेदारीमा धादिङ्ग जिल्लाको अपाङ्ग कल्याण संघको सहकार्यमा अपाङ्गता भएका महिलाहरूको आर्थिक स्तर उकास्ने उदेश्यले Women Led Disability inclusion Livelihood (WDIL) अर्थात "महिला नेतृत्व अपाङ्गता समावेशी परियोजना " सञ्चालन गरेको छ । धादिङ्ग जिल्लाको निलकण्ठ नगरपालिकाको ३, १० र ११ वडा, गल्छि गाँउपालिकाको २,३ र ६ वडा, सिद्धलेक




गाँउपालिकाको १ देखि ७ सबै वडा र गजुरी गाँउपालिकाको १ र ६ नं वडाका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुको आय-आर्जनमा वृद्धि गरी जीवन यापन सहज बनाउने उदेश्यले यो परियोजना सञ्चालन गरेको छ। उक्त परियोजना सञ्चालन गरे पछि अहिले धादिङ्ग जिल्लामा रहेको अपाङ्ग कल्याण संघ धादिङ्ग मार्फत यो धादिङ् जिल्लाका गजुरी गाँउपालिका, सिद्धलेक गाँउपालिका, गल्छि गाँउपालिका र निलकण्ठ नगरपालिकाका विभिन्न वडाहरुमा सामाजिक परिचालकहरु मार्फत निर्माण गरिएका समुहहरुलाई उनीहरुले चाहे अनुसारको व्यवसाय सञ्चालन गर्नको लागि अनुदान सहयोग मार्फत प्रत्येक समुहको १ जनालाई रु १२ हजारका दरले रकम उपलब्ध गराई सकिएको छ। सो रकमबाट ती समुहमा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु तथा उनीहरुका अभिभावक वा संरक्षकहरुले बाख्रा पालन, बंगुर पालन, फर्निचरको काम, चटपट व्यवसाय, कुखुरा पालन, तरकारी खेती गरी आय–आर्जन गरेर आफु र आफ्नो परिवारको आम्दानीमा वृद्धि गर्न सक्षम भएका छन्। साथै समाजमा अपाङ्गता भएका व्यक्तिहरुले केही पनि गर्न सक्दैनन् उनीहरु परिवारको बोझ मात्र हुन भन्ने नकारात्मक सोच निर्मूलको लागि यस परियोजनाले ठुलो भूमिका खेलको छ । यो परियोजना अन्तर्गत सामाजिक परिचालकहरु मार्फत ३६ वटा समुहहरु निर्माण गरिएको छ । सोही परियोजना अन्तर्गत धादिङ् जिल्लाको सिद्धलेक गाँउपालिका वडा नं ७ निवासी मनोसमाजिक अपाङ्गता भएका व्यक्तिको संरक्षक अम्बिका रिजालको सफलताको कथा प्रस्तुत गरिएको छ।

धादिङ् जिल्लाको सिद्धलेक गाँउपालिका वडा नं ७ पिपलटार निवासी ५० वर्षिया अम्बिका रिजालका ५६ बर्षिया श्रीमान रामप्रसाद रिजालमा १२ वर्ष अगाडि देखि मनोसामाजिक समस्या देखा पर्‍यो । उहाँहरुको आम्दानीको स्रोत भनेको खेतीपाती गर्ने र ज्याला मजदुरी गर्ने थियो। घरको मुख्य व्यक्तिमा नै त्यस्तो समस्या आए पछि उहाँको उपचारमा भएको पैसा सकियो उहाँको स्वास्थ्यमा केही सुधार आएता पनि आज सम्म औषधीकै भरमा जिउनु परेको छ । कमाउने व्यक्तिमा नै यस्तो समस्या आए पछि घरको आर्थिक अवस्था कमजोर हुदै गयो। दिनभरी काम गरेको, ज्याला मजदुरी गरेको केही रकमले विहान बेलुकाको छाक टार्न पनि धौ धौ हुन्थ्यो अम्बिका रिजाललाई । जसरी

तसरी उहाँले आज सम्म आफु, छोराछोरी र श्रीमानको लागि विहान बेलुकाको गुजरा गर्दै आउनु भएको थियो । श्रीमानमा मनोसामाजिक समस्या आए पछि र आफ्नो आर्थिक अवस्था पनि कमजोर हुदै गए पछि समाजमा हेला गर्ने, तिरस्कार गर्ने गरेको र आज भन्दा २ वर्ष पहिला आफ्नै गाँउमा रहेको आमा समुहबाट २ हजार रुपैया रकम सहयोग प्राप्त भए पछि चटपटे व्यवसायको सुरुवात गरी घर व्यवहार चलाइरहेको उहाँ बताउनु हुन्छ ।

यसै क्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१८ जुलाई देखि सन् २०२१ सम्मको लागि यूके.एड.को आर्थिक सहयोग र डि.डि.पी.को साझेदारीमा धादिङ्ग जिल्लाको अपाङ्ग कल्याण संघको सहकार्यमा धादिङ्ग जिल्लाको निलकण्ठ नगरपालिकाको ३, १० र ११ वडा, गल्छि गाँउपालिकाको २,३ र ६ वडा, सिद्धलेक गाँउपालिकाको १ देखि ७ गरी सबै वडा र गजुरी गाँउपालिकाको १ र ६ नं वडाका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुको आय-आर्जनमा वृद्धि गरी जीवन यापन सहज बनाउने उदेश्यले अपाङ्गता भएका महिलाहरुको आर्थिक स्तर उकास्ने उदेश्यले Women Led Disability inclusion Livelihood (WDIL) अर्थात "महिला नेतृत्व अपाङ्गता समावेशी परियोजना" अन्तर्गत सामाजिक परिचालक मार्फत निर्माण गरिएको समुहमा अम्बिका रिजाल पनि सहभागि हुनु हुन्थ्यो र उहाँलाई आय–आर्जन गर्नका लागि रु १२ हजार रुपैया प्रदान गरियो । यो रकमबाट उहाँले सिद्धलेक गाँउपालिकाको पिपलटार भन्ने ठाँउमा चटपटे तथा पानी पुरी व्यवसाय सञ्चालन गर्नु भयो । साथै उहाँले खुद्रा पसल पनि सञ्चालन गर्नु भएको छ । "यो व्यवसायबाट अम्बिका रिजालले दैनिक रुपमा न्यूनतम रु १ हजार अधिकतम रु २५ सय सम्मको आम्दानी गर्न सफल हुनु भएको छ । उक्त रकमले उहाँले घरमा विहान बेलुकाको छाक टार्न र दैनिक रुपमा श्रीमानको औषधी उपचारको लागि उपयोग गर्दै आएको बताउनु हुन्छ ।" महिला नेतृत्व अपाङ्गता समावेशी परियोजना मार्फत सामाजिक परिचालकहरु मार्फत पुण्डेश्वरी कृषि तथा पशुपालन अपाङ्गता समुहमा आवद्ध भएर त्यो समुहमा रहेका सबै सदस्यहरुले मासिक रुपमा प्रत्येक जनाबाट रु १० रुपैया बचत पनि गर्दै आउनु भएको छ । यो परियोजना मार्फत प्राप्त गरेको रु १२ हजारले आफुले चाहेको व्यवसाय सञ्चालन गरेको र यो व्यवसाय सञ्चालन गर्नको लागि यूके. एड., डि.डि.पी.नेपाल अपाङ्ग मानव अधिकार केन्द्र

तथा अपाङ्ग कल्याण संघ धादिङलाई धेरै धेरै धन्यवाद दिनु हुन्छ । यो रकमले घर परिवारमा विहान बेलुकाको छाक टार्न, आफु तथा श्रीमानको औषधी उपचारको लागि पनि धेरै नै सहयोग भएको उहाँको भनाई रहेको छ । अबका दिनमा यो परियोजना मार्फत अहिलेको भन्दा केही बढी रकम उपलब्ध गराउनु भएमा म जस्ता अपाङ्गता भएका घर परिवार तथा अपाङ्गता भएका व्यक्तिहरुलाई चाहेको व्यवसाय गरेर आय–आर्जन गर्नको लागि सजिलो हुने उहाँ बताउनु हुन्छ । आफुलाई सहयोग गर्ने संस्थाहरु आफ्नो र घर परिवारको लागि भगवान नै भएको बताउदै अबका दिनमा यो रु १२ हजार रकमबाट सञ्चालन गरेको चटपट, पानी पुरी बेच्ने तथा खुद्रा पसलमा आवश्यक सामानहरु ख्रिद गरी यो व्यवसायलाई विस्तार गर्ने उहाँको योजना गरेको बताउनु हुन्छ ।



# समाचार विविध

## दमक अपाङ्ग सहयोग समितिको १८ औं साधारण सभा सम्पन्न

*२७ भदौं २०७६ मदन बोहोरा, झापा*

दमक अपाङ्ग सहयोग समितिको १८ औं साधारण सभा झापाको दमकमा सम्पन्न भएको छ । सो साधारण सभाको अवसरमा दमकमा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई ह्वीलचियर, ट्राइसाइकल, वैशाखी, सेतो छडी लगायतका सहयोगी सामाग्रीहरू वितरण गर्नुका साथै यो संस्थालाई सहयोग गर्ने विभिन्न व्यक्तिहरूलाई सम्मान पनि गरिएको थियो । यसै क्रममा दमक अपाङ्ग सहयोग समितिले सुरुवात गरेको प्रस्तावित प्रदेश स्तरीय एकीकृत अपाङ्ग पुनर्स्थापन केन्द्र निर्माणका लागि सहयोग गर्नु हुने टंकप्रसाद सिटौला, मोहनप्रसाद अधिकारी, कृष्णराज खतिवडा, दिपक प्रसाँई, भूमि खरेललाई दोसल्ला ओढाएर सम्मान पनि गरिएको थियो । कार्यक्रममा प्रदेश स्तरीय एकीकृत अपाङ्ग पुनर्स्थापन केन्द्र निर्माणका लागि जग्गा प्रदान गर्नु हुने समाज सेवी भूमि खरेलले प्रदेश नं १ मा रहेका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको सहज जीवन यापनको लागि यो प्रदेश स्तरीय एकिकृत अपाङ्ग पुनर्स्थापन केन्द्र निर्माण गर्ने




*झापाको दमकमा सम्पन्न दमक अपाङ्ग सहयोग समितिको १८ औं साधारण सभा कार्यक्रमको एक झलक ।* ***तस्विर : मदन बोहोरा, झापा***

बताउनु भयो । प्रदेश स्तरीय एकीकृत अपाङ्ग पुनर्स्थापन केन्द्र निर्माणका लागि राधिका ओझाले रु ५० हजार, कृष्णराज कार्कीले रु २० हजार र देवेन्द्र योङ्गहाङले रु २० हजार रुपैयाँ प्रदान गर्नु भएको थियो । यसै क्रममा राष्ट्रिय अपाङ्ग पुनर्स्थापना केन्द्र अनामनगर काठमाण्डौले ५३ थान ट्राइसाइकल र ह्वीलचियर, राष्ट्रिय अपाङ्ग कोष भृकुटीमण्डप काठमाण्डौंले १४ थान वैशाखी निःशुल्क उपलब्ध गराउनु भएको थियो । सो साधारण सभामा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्माको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो भने दमक नगरपालिकाका कार्यवाहक प्रमुख तथा स्थानीय समन्वय समितिका संयोजक गिता अधिकारी, राष्ट्रिय कलाकार मनोज गजुरेल, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल प्रदेश नं १ का अध्यक्ष पार्वता श्रेष्ठ, केन्द्रीय सदस्य शतिस चन्द्र झा, मञ्जु खनाल, राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाज काठमाण्डौंमा उपाध्यक्ष सुगम भट्टराई लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो।

## परिलक्षित संस्थामा नयाँ कार्यसमिति चयन

*✍ २८ भदौं २०७६ शर्मिला विश्वकर्मा, ललितपुर*

परिलक्षित संस्थाको १९ औं वार्षिक साधारण सभा ललितपुरमा सम्पन्न भएको छ । सो साधारण सभाको अवसरमा परिलक्षित संस्थाका कार्यकारी निर्देशक सुर्य थापाले प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। यसै क्रममा उहाँले यो संस्था मार्फत १७६ जना विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले रोजगारी प्राप्त गरेको, ३०५ जनाले छात्रवृत्ति प्राप्त गरेको बताउनु भयो भने कोषाध्यक्ष भरत श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा संस्थाबाट छात्रवृत्ति प्राप्त गर्नु हुने गुल्मी जिल्लाकी न्यून दृष्टियुक्त अपाङ्गता भएकी महिला अप्सरा काफ्लेले परिलक्षित संस्थाको सहयोगमा आफ्नो उच्च शिक्षालाई अगाडि बढाएको बताउनु भयो भने सोही जिल्लाकी अर्की दृष्टिविहिन अपाङ्गता भएकी महिला नविना ज्ञवालीले यो संस्थाको छात्रवृत्तिले आफूले कक्षा ११ देखि स्नातकोत्तर सम्मको अध्ययनलाई निरन्तरता दिन सफल भएको बताउनु भयो । यसै क्रममा अर्का दृष्टिविहिन विद्यार्थी अर्जुन खनालले यो संस्थाको सहयोगमा आफ्नो शिक्षालाई अगाडि

बढाएको र शिक्षक सेवा आयोगको परीक्षा पास गर्न पनि परिलक्षित संस्थाको साथ र सहयोग रहेको बताउनु भयो । कार्यक्रममा नेपाल नेत्रहिन संघका अध्यक्ष रमेश पोखरेलले परिलक्षित संस्था मार्फत अधिकांश दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुले शिक्षा आर्जन गर्न सफल भएको र यस संस्थाले उनीहरुको आय – आर्जनका क्षेत्रमा गरेको काम पनि स्वागत योग्य रहेको बताउनु भयो । यसै क्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्माले यो संस्थाले गरेका सबै कार्यक्रमहरु मार्फत अपाङ्गता भएका व्यक्तिहरु लाभान्वित भएको बताउदै आवश्यक परेको खण्डमा सक्दो सहयोग गर्ने पनि बताउनु भयो । सो संस्थाको १९ औं वार्षिक साधारण सभा तथा अधिवेशनले आगामी २ वर्षका लागि तुलसा शर्मा हमालको अध्यक्षतामा ९ जना कार्य समिति चयन गरेको छ । जसमा उपाध्यक्षमा राम मुखिया, कोषाध्यक्ष भरत श्रेष्ठ र सचिवमा रामचन्द्र गौतम चयन हुनु भएको छ । त्यसै गरी सदस्यहरुमा धन कुमारी सेलिङ, विद्या थापा, तिलक प्रजा, दशाराम डङ्गोल र तुल्सी महर्जन चयन हुनु भएको छ ।




*ललितपुरमा सम्पन्न परिलक्षित संस्थाको १९ औं वार्षिक साधारण सभा एक झलक ।* ***तस्विर : शर्मिला विश्वकर्मा***

## अपाङ्गता भएका बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण

*२१ भदौ २०७६ राजु रेग्मी, धादिङ्*

राष्ट्रिय बाल दिवसको अवसरमा गल्छी गाउँपालिकाको आयोजनामा विद्यालयका

शिक्षक सरोकारवाला र बालक्लबका बालबालिकाहरू बीच बालबालिकामा हुने हिंसाको बारेमा अन्तरक्रिया कार्यक्रम धादिङ्गमा सम्पन्न गरियो। सोही कार्यक्रमको अवसरमा धादिङ जिल्लाको गल्छी गाउँपालिकामा रहेका अपाङ्गता भएका बालबालिकाहरूलाई शैक्षिक सामाग्री पनि वितरण गरिएको थियो । सो कार्यक्रममा अधिवक्ता तोला कुमारी पाठक र बैरेनी प्रहरी प्रमुख जनक बस्नेतले बालबालिकामा हुने हिंसा र त्यसको चुनौतीको विषयमा कार्य पत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा गल्छी गाँउपालिकाका ४० जना अपाङ्गता भएका बालबालिकाहरुलाई शैक्षिक सामाग्री हस्तान्तरण गरिएको थियो । सो कार्यक्रममा गल्छी गाउँपालिकाका अध्यक्ष कृष्णहरी श्रेष्ठ, उपाध्यक्ष राधा तिमल्सिना, सामाजिक विकास समितिका संयोजक पूर्ण प्रसाद खतिवडा, वडा अध्यक्षहरू, विद्यार्थी, अभिभावक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहेको थियो।




*गल्छी गाउँपालिकाको आयोजनामा धादिङ्गमा सम्पन्न विद्यालयका शिक्षक सरोकारवाला र बालक्लबका बालबालिकाहरू बीच बालबालिकामा हुने हिंसाको बारेमा अन्तरक्रिया कार्यक्रम एक झलक।* ***तस्विर : राजु रेग्मी, धादिङ्***

## राष्ट्रिय बहिरा महासंघ प्रदेश नं. २ को अधिवेशन सम्पन्न

*✍ ३० भदौं २०७६ गंगाराम यादव, जनकपुर*

राष्ट्रिय बहिरा महासंघ प्रदेश नं २ को प्रथम

अधिवेशन जनकपुरमा सम्पन्न भएको छ । सो अधिवेशनले गंगाराम यादवको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । जसमा उपाध्यक्ष सुधा गौतम, सचिव सुरजमान सिंह श्रेष्ठ, कोषाध्यक्ष रोसन झा, चयन हुनुभएको छ भने सदस्यहरूमा प्रदिप जैसवाल, बिरेन्द्र कुमार लाल कर्ण, अनिता शर्मा, जुल्फकार अन्सारी, (जनजाति) र सन्जु चौधरी दलित कोटाबाट चयन हुनु भएको छ । सो अधिवेशनमा प्रदेश नं. १ र प्रदेश नं. २ का प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



*जनकपुरमा सम्पन्न राष्ट्रिय बहिरा महासंघ प्रदेश नं २ को प्रथम अधिवेशन एक झलक ।* ***तस्विर : गंगाराम यादव, जनकपुर***

## दोस्रो अन्तर्राष्ट्रिय साङ्केतिक भाषा दिवस सम्पन्न

***६ असोज २०७६ जगदिश प्रसाद अधिकारी, काठमाण्डौं***

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा “सबैका लागि साङ्केतिक भाषा अधिकार” भन्ने नारा सहित दोस्रो अन्तर्राष्ट्रिय साङ्केतिक भाषा दिवस काठमाण्डौंमा सम्पन्न भएको छ । कार्यक्रममा बहिरा अपाङ्गता भएका व्यक्तिहरुको समसामयिक विषयलाई समेटेर सो दिवसको अवसरमा काठमाण्डौंको नाचघरमा सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुले साङ्केतिक भाषा नाटक “ खैलाबैला ” प्रस्तुत गरेका थिए । संयुक्त राष्ट्र संघको २०१७ डिसेम्बरको २१ औँ महासभाले पारित गरी हरेक वर्ष सेप्टेम्बर महिनाको २३ तारिखलाई बहिरा नागरिकहरुको संचारको माध्यम सांकेतिक भाषाको अधिकारलाई अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवसको रुपमा मनाउने गरिएको आयोजक संस्था राष्ट्रिय बहिरा महासंघ

नेपालले बताएको छ । कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष के.पी.अधिकारीले नेपालमा बहिरा नागरिकलाई हक अधिकार प्रदान गर्ने सन्दर्भमा विद्यमान कानुनी व्यवस्था तथा सामाजिक दृष्टिकोण अझै पनि विभेदपूर्ण रहेको भन्दै हालसम्म ४७ देशहरूमा सांकेतिक भाषाले राष्ट्रिय मान्यता पाउनुका साथै १५ देशमा सांकेतिक भाषा सम्बन्धी ऐन बनिसकेको र बहिरा अपाङ्गता भएका व्यक्तिहरूको पहिलो भाषा सांकेतिक भाषा हालसम्म ४७ सय संकेतहरू विकास गरी शब्दकोष तथा मोबाइल एप्लिकेशन प्रकाशन गरिएको जानकारी गराउनु भएको थियो । दोस्रो अन्तर्राष्ट्रिय साङ्केतिक भाषा दिवसको अवसरमा प्रदर्शन गरिएको नाटक “खैलाबैला” मा बहिरा अपाङ्गता भएका व्यक्तिहरूले सञ्चार अभावमा सुन्न, बोल्न नसक्ने जसको कारण उनीहरूले शिक्षा, स्वास्थ्य लगायतका सेवा सुविधाबाट वञ्चित भएको कुरालाई प्रस्ट पारिएको थियो । सो कार्यक्रमको उद्घाटन कार्यक्रमकी प्रमुख अतिथि तथा प्रतिनिधि सभाका उपसभामुख डा. शिव माया तुम्बाहाम्फेले गर्नु भएको थियो । यसै क्रममा उहाँले बहिरा अपाङ्गता भएका व्यक्तिहरूको साङ्केतिक भाषाको विकास र पहुँचको लागि राज्यको ध्यानाकर्षण हुनु पर्ने र यस विषयमा आफ्नो तर्फबाट सक्दो पहल गर्ने बताउनु भयो ।




*बहिरा अपाङ्गता भएका व्यक्तिहरूको समसामयिक विषयलाई समेटेर काठमाण्डौंको नाचघरमा साङ्केतिक भाषाको नाटक “ खैलाबैला ” प्रदर्शनी कार्यक्रमको एक झलक ।*

## अन्तरक्रिया तथा पुस्तक विमोचन कार्यक्रम सम्पन्न

**५ असोज २०७६ गणेश सुवेदी, काठमाण्डौं**

नेपाल आदिवासी जनजाति अपाङ्ग संघको आयोजना तथा Asian Indigenous Peoples Pact (AIPP) को सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि समितिको नष्कर्ष सुझावहरुको बारेमा सम्वन्धीत सरोकारवाला निकाय विच राष्ट्रिय स्तरको अन्तरक्रिया तथा पुस्तक विमोचन कार्यक्रम काठमाण्डौमा सम्पन्न भएको छ । सो कार्यक्रममा नेपाल आदिवासी जनजाति अपाङ्ग संघकी महासचिव प्रतिमा गुरुङले नेपालमा अपाङ्गता भएका आदिवासी व्यक्तिहरुले बुझाएको छायाँ प्रतिवेदन र नेपालको प्रारम्भिक प्रतिवेदनका सम्वन्धमा निष्कर्ष सुझावहरु सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय शारीरिक अपाङ्ग संघ नेपालका अध्यक्ष किरण शिल्पकारले आदिवासी जनजाति अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुमा राज्यले ध्यान दिनुपर्ने कुरा बताउनु भयो । सो कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघकी उपाध्यक्ष कुष्ण कुमारी सेरचनले आदिवासी जनजाति अपाङ्गता




*काठमाण्डौमा सम्पन्न अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि समितिको निष्कर्ष सुझावहरुको बारेमा सम्वन्धीत सरोकारवाला निकाय विच राष्ट्रिय स्तरको अन्तरक्रिया तथा पुस्तक विमोचन कार्यक्रमको एक झलक। **तस्विर : गणेश सुवेदी***

भएका व्यक्तिहरुका सवालहरुमा पनि नेपाल आदिवासी जनजाति अपाङ्ग संघ संग मिलेर काम गर्ने बताउनु भयो । उक्त कार्यक्रममा पूर्वाञ्चल अपाङ्ग र असहाय बृद्धा सेवा केन्द्रकि अध्यक्ष तृप्ता मगरले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धी अझै पुर्णरुपमा कार्यान्वयन हुन नसकेको बताउदै यसमा राज्यले ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो भने नेपाल अपाङ्ग महिला संघकी महासचिव मिना पौडेलले यस छायाँ प्रतिवेदनलाई ब्रेललिपिमा पनि छाप्नु पर्ने कुरामा जोड दिनुमयो । उक्त कार्यक्रममा रिसेड तनहुँका अध्यक्ष पदम बहादुर परियारले यस छायाँ प्रतिवेदनलाई नेपालीमा प्रकाशन गरेकोमा आयोजक संस्थाई धन्यवाद दिनुभयो । सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पुर्व अध्यक्ष डा.विरेन्द्रराज पोखरेलले निष्कर्ष सुझाव सम्वन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका उपाध्यक्ष रमेस लामाले यस छयाँ प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउनको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपालले पहल गर्ने कुरामा जोड दिनुभयो । सो कार्यक्रमकी प्रमुख अतिथि महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रि थममाया थापाले हामिले पाएका अधिकारहरुको उपभोग गर्दै जान पर्ने कुरा बताउनुका साथै यस छायाँ प्रतिवेदनलाई कार्यान्वयन गर्नको लागि मन्त्रालयको तर्फवाट पहल गर्ने बताउनु भयो । उक्त कार्यक्रममा नेपाल आदिवासी जनजाति अपाङ्ग संका अध्यक्ष खड्क सारु मगरले यस छायाँ प्रतिवेदनलाई स्थानिय तहसम्म पुर्याउनु पर्ने कुरामा जोड दिनुभयो साथै उहाले यस छायाँ प्रतिवेदनलाई राज्यले कार्यान्वयनमा ल्याउनु पर्ने कुरामा जोड दिनुभयो ।

## नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले बुझायो अपाङ्गता मैत्री तालिम पाठ्य सामाग्री

***७ असोज २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं***

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको आयोजना तथा ओपन सोसाइटी फाउण्डेशनको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले प्रदान गरिने तालिमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको न्याय सम्बन्धीका सवाल समावेश गर्नु पर्ने भनि तयार गरिएको पाठ्य सामाग्री हस्तान्तरण कार्यक्रम काठमाण्डौंमा सम्पन्न भयो । सो कार्यक्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रकी अध्यक्ष तारावदन सेँडाईले उक्त अनुरोध पत्र पढेर सुनाउँदै सो पत्रका साथै राष्ट्रिय न्यायिक प्रतिष्ठानका लागि तयार पारिएको अपाङ्गता मैत्री तालिम पाठ्य सामाग्री राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशक तोपबहादुर मगरलाई हस्तान्तरण गर्नु भएको थियो । सोही क्रममा उहाँले यस पाठ्य

सामाग्रीमा समावेश गरिएका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई आफ्ना तालिमहरूमा समावेश गरिदिनु हुनका लागि अनुरोध गर्नु भएको थियो।

त्यसै गरी आयोजक संस्था नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका कार्यकारी निर्देशक जगदिश प्रसाद अधिकारीले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराउँदै आएको बताउँदै राष्ट्रिय न्यायिक प्रतिष्ठानले कानूनविद तथा न्यायाधीशहरूलाई तालिम दिने क्रममा अपाङ्गताको प्रकृति अनुसारको वातावरण सृजना गरी उनीहरूका सवालहरूलाई आफ्ना तालिमहरूमा समावेश गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । यसै क्रममा राष्ट्रिय न्यायिक प्रतिष्ठानका तत्कालीन कायम मुकायम कार्यकारी निर्देशक माननीय श्रीमान विनोद शर्माको संयोजकत्व, डि.एस.पी. प्रकाश मल्लको सह-संयोजकत्व तथा कानूनविदहरु, अपाङ्गता अधिकारकर्मीहरू गठित कार्यदलद्वारा निर्माण गरिएको तालिम सामाग्रीलाई हस्तान्तरण गर्ने क्रममा उक्त कार्यदलका सदस्य तथा बौद्धिक अपाङ्गता र अभिभावकहरूको राष्ट्रिय संघका अध्यक्ष तथा



*राष्ट्रिय न्यायिक प्रतिष्ठानले प्रदान गरिने तालिमहरूमा अपाङ्गता भएका व्यक्तिहरुको न्याय सम्बन्धीका सवाल समावेश गर्नु पर्ने भनि तयार गरिएको पाठ्य सामाग्री हस्तान्तरण कार्यक्रमको एक झलक । **तस्विर : शर्मिला विश्वकर्मा***

बौद्धिक अपाङ्गताका अभिभावक मुकुन्दहरी दाहालले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले तयार गरेको अपाङ्गता मैत्री तालिम पाठ्य सामाग्रीले अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू समावेश गर्न सहयोग गर्ने बताउनु भयो भने सोही कार्यदलका अर्का सदस्य तथा नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धितालले अपाङ्गताको प्रकृति अनुसारको वातावरणमा अपाङ्गता भएका व्यक्तिहरूलाई न्याय प्रदान गर्ने कार्यलाई अगाडि बढाउनु पर्ने बताउनु भयो । सो कार्यक्रममा राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यक्रम व्यवस्थापक राजन के.सी.ले राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू समावेश गर्ने बताउनु भयो । त्यसै गरी उक्त प्रतिष्ठानका नायब कार्यकारी निर्देशक केदार पौडेलले आगामी दिनमा अपाङ्गता मैत्री तालिम पाठ्य सामाग्रीले अपाङ्गताको विषयमा न्यायाधीशहरूलाई सचेत गराउन सहयोग गर्ने बताउनु भयो । त्यसै गरी राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशक तोपबहादुर मगरले राष्ट्रिय न्यायिक प्रतिष्ठानहरूले प्रदान गर्ने तालिममा अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

## नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघको साधारण सभा सम्पन्न

*✍ ८ असोज २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं*

नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघको १० औं वार्षिक साधारण सभा काठमाण्डौंमा सम्पन्न भएको छ । सो साधारण सभाको अवसरमा नेपाल इम्पुटी एशोसियशनका अध्यक्ष तथा अपाङ्गता अधिकारकर्मी महेश्वर घिमिरेले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिको धारा ३० मा भएको संस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताको विषयमा प्रष्ट रुपमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा पूर्व सभासद इन्दिरा गुरुङ्ले समाजमा अपाङ्गता भएका व्यक्तिहरुलाई हेर्ने नजरमा सकारात्मक परिर्वतन ल्याउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने बताउदै यस साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो भने नेपाल स्पाइनल कर्ड इन्जरी पुनर्स्थापना केन्द्र साँगाका मेडिकल निर्देशक राजु ढकालले मेरुदण्ड पक्षाघात अपाङ्गता भएका व्यक्तिहरुले खेलकुदको माध्यमबाट समाजमा अपाङ्गता भएका व्यक्तिहरु प्रति सकारात्मक परिर्वतन ल्याउन ठुलो योगदान




*नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघको काठमाण्डौंमा सम्पन्न १० औं वार्षिक साधारण सभाको एक झलक । **तस्विर : शर्मिला विश्वकर्मा***

दिएको बताउदै अपाङ्गता भएका व्यक्तिहरुको खेललकुदको विकासको लागि सबैले सहयोग गर्नु पर्ने बताउनु भयो । त्यसै गरी कानूनी सल्लाहकार तथा अधिवक्ता विदुर थापाले स्थानीय निकायहरुबाट पनि अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकासको लागि आवश्यक सहयोग गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । यसै क्रममा गोकर्णेश्वर नगरपालिका वडा नं ६ का वडा अध्यक्ष रमेश अर्याललले खेलकुद स्वास्थ्यको लागि राष्ट्रको लागि खेलिने भएकोले आफ्नो वडा कार्यलय मार्फत अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकासको लागि सक्दो सहयोग गर्ने बताउनु भयो । कार्यक्रममा नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघका अध्यक्ष बाबुरामा मिश्रले यस संस्थाका गतिविधिहरु त्था ह्वीलचियर प्रयोगकर्ता अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकासको लागि सबैको साथ सहयोगको आवश्यक रहेको बताउनु भयो ।

## अपाङ्गता भएका व्यक्तिहरुको विषयमा विश्वव्यापी आवाधिक समिक्षा लेख सम्बन्धी छलफल

***१६ असोज २०७६ शशी श्रेष्ठ, काठमाण्डौं***

राष्ट्रिय मानसिक स्वास्थ्य स्वालमवन संगठन कोशिशको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरुको विषयमा विश्वव्यापी आवाधिक समिक्षा लेखको विषयमा विभिन्न संघ संस्थाहरु

बीच छलफल कार्यक्रमको आयोजना गरियो । उक्त छलफलमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष तथा कोशिशका वरिष्ठ सल्लाहकार सुदर्शन सुवेदीले अब हुने राष्ट्रिय जनगणनामा अपाङ्गता भएका व्यक्तिहरु छुट्न नहुने बताउनु भएको थियो । त्यसै गरी काठमाण्डौं स्कुल अफ ल का सह–प्राध्यापक कपिल अर्यालले विश्वव्यापी आवधिक समिक्षामा समग्र मानव अधिकारको विषयमा छलफल गरिने बताउनु भयो । कार्यक्रममा अटिजम केयर नेपाल सोसाइटीका प्रशासकिय प्रमुख सुरेन्द्र बज्राचार्यले अपाङ्गता भएका व्यक्तिहरुको विषयमा समाजमा अझै पनि पूर्ण रुपमा जानकारी नभएकोले यस विषयमा दक्षजनशक्ति उत्पादमा काम गर्नु पर्ने र अपाङ्गता भएका व्यक्तिहरुको विषयमा विश्वव्यापी आवाधिक समिक्षा लेखको विषयमा अटीजम अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्नु पर्ने कुरामा जोड दिनु भयो भने बौद्धिक अपाङ्गताकी अभिभावक तथा अपाङ्गता अधिकारकर्मी सुवर्ण केशरी चित्रकारले बौद्धिक, डाउन सिण्ड्रोम, अटिजम, श्रवणदृष्टिविहन अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई विशेष प्राथामिकताका साथ समावेश गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो। सो छलफल कार्यक्रममा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको सक्रिय सहभागिता रहेको थियो।

## नेपाल नेत्रहिन संघको २३ औं साधारण सभा सम्पन्न

✍ *५ असोज २०७६ जगदिश प्रसाद अधिकारी, काठमाण्डौं*

“राष्ट्रिय एकता समावेशिता र संघियता नयाँ नेपालको आधार, शिक्षा स्वास्थ्य रोजगारी र प्रविधिमा पहुँच : दृष्टिविहिनहरुको मौलिक अधिकार” भन्ने नारा सहित नेपाल नेत्रहिन संघको २३ औ साधारण सभा काठमाण्डौंमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा नेपाल अपाङ्ग महिला संघकी महासचिव मिना पौडेलले नेपाल नेत्रहिन संघले दृष्टिविहिन तथा न्यूनदृष्टियुक्त अपाङ्गता भएका व्यक्तिहरुका साथै अन्य अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुमा पनि सहकार्य गर्दै वकालत गर्दै आएको बताउनु भयो । त्यसै गरी नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका कार्यकारी निर्देशक जगदिश प्रसाद अधिकारीले दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई अपाङ्ग आवाज रेडियो

कार्यक्रम र मासिक पत्रिकामा समावेश गर्दै सहकार्य गर्ने बताउनु भएको थियो भने नेत्रहिन युवा संघका अध्यक्ष कलाधर भण्डारीले नेपालमा रहेका अधिकाशं नेत्रहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि नेपाल नेत्रहिन संघले विभिन्न कामहरु गरेको बताउदै यस साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्माले राष्ट्रिय अपाङ्ग महासंघ नेपालले नेपाल नेत्रहिन संघसँग सधै सहकार्य गरेर काम गर्ने बताउनु भयो । नेपाल नेत्रहिन संघका अध्यक्ष रमेश पोखरेलले यस संस्थाले नेपाल भर रहेका दृष्टिविहिन तथा न्यून दृष्टियुक्त अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य तथा रोजगार लगाएतका सवालमा काम गर्दै आएको बताउनु भयो । सो साधारण सभा कार्यक्रमका प्रमुख अतिथि तथा सशस्त्र प्रहरी बलका महानिरक्षिक सर्वेन्द्र खनालले नेपाल नेत्रहिन संघसँग सहकार्य गरेर एक सय वटा सेतो छडी वितरण गर्ने बताउनु भयो ।




*नेपाल नेत्रहिन संघको काठमाण्डौंमा सम्पन्न २३ औ साधारण सभा एक झलक ।*

# नेपाल बोसिया संघको ११ औं बार्षिक साधारण सभा तथा अधिवेशन सम्पन्न

*२७ असोज २०७६ गोमादेवी पौडेल, काठमाण्डौं*

अपाङ्गता भएका व्यक्तिहरुका लागि नेपाल बोसियासँघको ११ औं बार्षिक साधारण सभा तथा अधिवेशन काठमाण्डौंमा सम्पन्न भएको छ। सो बार्षिक साधारण तथा अधिवेशनबाट गोमा देवी पौडेलको अध्यक्षतामा दुई जना सदस्यहरु मनोनित हुने गरी ९ जनाको नयाँ कार्य समिति निर्वाचित भएको छ। जसमा उपाध्यक्षमा रमला पौडेल, महासचिव देवकुमारी पराजुली, कोषाध्यक्ष शोभा विष्ट खतिवडा, सचिव लक्ष्मी राना मगर निर्वाचित हुनु भएको छ भने सदस्यहरुमा अनिता घिमिरे, किरण शाह, रमादेवी पौडेल र कमला सिंखडा चयन हुनु भएको छ।




*अपाङ्गता भएका व्यक्तिहरुका लागि नेपाल बोसियासँघको काठमाण्डौंमा सम्पन्न ११ औं बार्षिक साधारण सभा तथा अधिवेशन बाट मनोनीत नयाँ कार्यसमिति। **तस्विर : गोमादेवी पौडेल, काठमाण्डौं***